# कोभिड-१९ र स्वास्थ्य केन्द्रित मिडिया मोनिटरिङ, नेपाल



World Health Organization
Nepal

HEALTH EMERGENCIES programme

# कोभिड-१९ र स्वास्थ्य केन्द्रित मिडिया मोनिटरिङ नेपाल

मितिः ५ पुस २०८०

## उदीयमान विषयवस्तु(हरू)

- सरकारले भूकम्प प्रभावित क्षेत्रमा दादुरा-रुबेला र टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ।
- राष्ट्रिय एम्बुलेन्स निर्देशका २०७८ मा 'क' र 'ख' वर्ग मात्रैको व्यवस्था गरेपछि विगतमा 'ग' वर्गबाट सञ्चालित एम्बुलेन्स नवीकरण हुनसकेका छैनन्।
- स्वास्थ्य बीमा बोर्डले सुविधा थैली अन्तर्गतका सेवा सुविधाहरुको विवरण तथा दररेट परिमार्जन गर्ने भएको छ।
- बागमती प्रदेश सरकारले प्रदेश अन्तर्गतका १० अस्पतालको स्तरोन्नति गर्ने निर्णय गरेको छ।
- बागमती प्रदेशमा १ हजार २५३ जना अटिजम समस्याबाट ग्रसित छन्।
- कान्ति बाल अस्पतालले आकस्मिक उपचारमा लागि आएका बिरामीहरुलाई वर्गीकरण गरी सेवा दिने भएको छ।
- बर्दिया अस्पताल न्यूनतम सेवा मापदण्ड कार्यान्वयनमा लुम्बिनी प्रदेशमै उत्कृष्ट बनेको छ।

## आवर्ती विषयवस्तु(हरू)

- विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ने भारतमा कोभिड १९ को नयाँ भेरिएन्ट जेएन १ (भेरिएन्ट अफ इन्टरेस्ट) पुष्टि भएको जनाएको छ।
- स्वास्थ्य बीमा बोर्डले सुविधा थैली अन्तर्गतका सेवा सुविधाहरुको विवरण तथा दररेट परिमार्जन गर्ने भएको छ।
- बाँकेको राप्ती-सोनारी गाउँपालिकाले सिकलसेल एनिमिया र थालेसेमिया रोगका पहिचानका लागि जारी अभियानलाई थप प्रभावकारी बनाउने भएको छ।

## उदीयमान विषयवस्तु(हरू)

राष्ट्रिय एम्बुलेन्स निर्देशका २०७८ मा ‘क’ र ‘ख’ वर्ग मात्रैको व्यवस्था गरेपछि विगतमा ‘ग’ वर्गबाट सञ्चालित एम्बुलेन्स नवीकरण हुनसकेका छैनन् । यसअघि कार्यान्वयनमा रहेको एकीकृत एम्बुलेन्स तथा पूर्व अस्पताल सेवा सञ्चालन निर्देशिका-२०७७ खारेज भएपछि तत्कालीन निर्देशिका अनुरुप सञ्चालनमा रहेका ग वर्गका एम्बुलेन्स नवीकरण हुन नसकेका हुन् । संयुक्त एम्बुलेन्स चालक संघ नेपाल (ट्रेड युनियन महासंघ)का अध्यक्ष नवराज लामिछानेका अनुसार अहिले नेपालमा सञ्चालनमा रहेका छ हजार एम्बुलेन्समध्ये ९० प्रतिशत ग वर्गका छन् । आठ प्रतिशत ख वर्ग र दुई प्रतिशत क वर्गका छन् ।३

स्वास्थ्य बीमा बोर्डले सुविधा थैली अन्तर्गतका सेवा सुविधाहरुको विवरण तथा दररेट परिमार्जन गर्ने भएको छ । पुरानै सुविधा थैली बमोजिम दाबी भुक्तानी गरिरहेको बीमा बोर्डले सो दररेट समय सापेक्ष बनाउन भन्दै परिमार्जनको तयारी गरेको हो । सुविधा थैलीमा रहेको विषय र दर रेट परिमार्जन सम्बन्धमा सल्लाह सुझाव तथा प्रतिक्रियामा पठाउन बोर्डले आग्रह गरेको छ ।३

सरकारले भूकम्प प्रभावित क्षेत्रमा दादुरा-रुवेला र टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट भूकम्प प्रभावित जिल्लामा बिहीबारदेखि दादुरा-रुवेला र टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गर्न थालिएको मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिए । उनका अनुसार दादुराविरुद्धको खोप भूकम्प प्रभावित जिल्ला जाजरकोट र पश्चिम रुकुममा तथा टाइफाइडविरुद्धको खोप ती दुई जिल्ला जाजरकोट र पश्चिम रुकुमसहित सुर्खेत, सल्यान, दैलेख, कालीकोट र जुम्लामा सञ्चालन गरिने छ । स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखा बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा.अभियान गौतमले दादुरा-रुवेलाविरुद्धको खोप छ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई र टाइफाइडविरुद्धको खोप १६ वर्षदेखि ४५ वर्षसम्मका सबैलाई लगाइने छ ।७

## कोशी प्रदेश सम्बन्धित समाचार

पूर्वाधार अभावमा साँघुरो संरचनामा सकसपूर्ण सेवा प्रवाह गर्दै आएको विराटनगरको कोशी अस्पतालको पूर्वाधार अझै केही वर्ष सुधार नहुने भएको छ । नेपाल सरकारले अस्पतालको पूर्वाधार समस्या समाधान गर्न ३० महिनाअगाडि पाँचतले सुविधासम्पन्न भवन निर्माण गर्न ठेक्का लगाएको भएपनि ठेकेदार कम्पनीले समयमा काम नगर्दा सर्वसाधारणले सहज उपचार सेवा नपाउने अवस्था आएको हो ।९

## बागमती प्रदेश सम्बन्धित समाचार

काठमाडौं महानगरपालिकाले नगरवासीलाई सस्तोमा औषधि उपलब्ध गराउन फार्मेसी सञ्चालनको तयारी गरेको छ । महानगरले बजेटमै घोषणा गरे अनुसारको ‘सुलभ फार्मेसी’ सञ्चालनका लागि बुधबार गोरखापत्रमा सूचना निकाल्दै ५ स्थानमा घर भाडामा लिने समेत उल्लेख गरेको छ । महानगरको स्वास्थ्य विभागले महानगरपालिका भित्रका ४ स्थानहरूमा सुलभ फार्मेसी स्थापना गर्ने भन्दै घर भाडामा दिने प्रस्तावको १५ दिने सूचना प्रकाशित गरेको हो ।१,३

बागमती प्रदेश सरकारले प्रदेश अन्तर्गतका १० अस्पतालको स्तरोन्नति गर्ने निर्णय गरेको छ। मंगलबार बसको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो। हेटौँडा अस्पताल र भक्तपुर अस्पताललाई ३०० शय्या बनाउने निर्णय भएको छ। हाल ती स्पतालहरू १०० शय्या क्षमतामा सञ्चालन हुँदै आएका छन्। धादिङ अस्पताल, नुवाकोटको त्रिशुली अस्पताल, सिन्धुली अस्पताल, चितवनको रत्ननगर बकुलहर अस्पताललाई १०० शय्या बनाउने निर्णय गरिएको छ।३

बागमती प्रदेशमा १ हजार २५३ जना अटिजम समस्याबाट ग्रसित छन्। तीमध्ये काठमाडौंमा ४९५, चितवनमा ११३, ललितपुरमा ८३, भक्तपुरमा ७८ र मकवानपुरमा ७७ जना रहेका छन्। त्यसैगरी, काभ्रेमा ७५, धादिङमा ७०, नुवाकोट र सिन्धुलीमा ६५/६५, सिन्धुपाल्चोकमा ५४, दोलखामा ३३ र रसुवामा १७ जना छन्। बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले चितवनमा आयोजना गरेको अटिजमसम्बन्धी कार्यशाला गोष्ठीमा दिइएको तथ्याङ्कअनुसार नेपालमा हाल अटिजम समस्याबाट ग्रसित ४ हजार ८८६ जना रहेका छन्।३

कान्ति बाल अस्पतालले आकस्मिक उपचारमा लागि आएका बिरामीहरुलाई वर्गीकरण गरी सेवा दिने भएको छ। अस्पतालका निर्देशक डा.पंकज रायका अनुसार आकस्मिक उपचारका लागि आएका बिरामीको उपचार नपाएर मृत्यु हुनसक्ने भन्दै अस्पतालले यस प्रणाली अनुसार सेवा दिन सुरु गरेको जानकारी दिए। नेपाल सरकारको स्वामित्वमा रहेको एक मात्रै केन्द्रीय स्तरको बाल अस्पालका रुपमा रहेको यस अस्पतालले रेफरल सेन्टरको रुपमा सेवा दिँदै आइरहेको छ।३

## लुम्बिनी प्रदेश सम्बन्धित समाचार

बाँकेको राप्ती-सोनारी गाउँपालिकाले सिकलसेल एनिमिया र थालेसेमिया रोगका पहिचानका लागि जारी अभियानलाई थप प्रभावकारी बनाउने भएको छ। गाउँपालिकाका अध्यक्ष तप्त पौडेलका अनुसार विगतमा विद्यार्थी केन्द्रित अभियान चलाइएकोमा अब वडास्तरमै सिकलसेल एनिमिया र थालेसेमिया रोगको पहिचान गर्न स्क्रिनिङ कार्यक्रम अघि बढाइने भएको छ।९

बर्दिया अस्पताल न्यूनतम सेवा मापदण्ड कार्यान्वयनमा लुम्बिनी प्रदेशमै उत्कृष्ट बनेको छ। ९६ अङ्क प्राप्त गरी सो अस्पताल प्रदेशमै पहिलो र मुलुकभरमा दोस्रो भएको हो।९

## सुदूरपश्चिम प्रदेश सम्बन्धित समाचार

जानकी गाउँपालिका-७ मा सञ्चालन गरिएको शिविरमा ५४६ जनाको रगत परीक्षण गर्दा २२१ जनामा र जानकी-९ मा २१२ जनाको परीक्षण गर्दा ३० जनामा सिकलसेल ट्रेट(सिकलसेलका वाहक सेल)देखा परेको पालिकाले जनाएको छ। स्वास्थ्य कार्यालय कैलालीले यसवर्ष स्थानीय पालिकासँगको समन्वयमा पाँच वटा पालिकामा सिकलसेलको स्क्रिनिङ गरेको छ।९

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धित समाचार

बागमती प्रदेशमा १ हजार २५३ जना अटिजम समस्याबाट ग्रसित छन् । तीमध्ये काठमाडौंमा ४९५, चितवनमा ११३, ललितपुरमा ८३, भक्तपुरमा ७८ र मकवानपुरमा ७७ जना रहेका छन्। त्यसैगरी, काभ्रेमा ७५, धादिङमा ७०, नुवाकोट र सिन्धुलीमा ६५/६५, सिन्धुपाल्चोकमा ५४, दोलखामा ३३ र रसुवामा १७ जना छन्। बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले चितवनमा आयोजना गरेको अटिजमसम्बन्धी कार्यशाला गोष्ठीमा दिइएको तथ्याङ्कअनुसार नेपालमा हाल अटिजम समस्याबाट ग्रसित ४ हजार ८८६ जना रहेका छन् ।३

सरकारले भूकम्प प्रभावित क्षेत्रमा दादुरा-रुवेला र टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट भूकम्प प्रभावित जिल्लामा बिहीबारदेखि दादुरा-रुवेला र टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गर्न थालिएको मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिए । उनका अनुसार दादुराविरुद्धको खोप भूकम्प प्रभावित जिल्ला जाजरकोट र पश्चिम रुकुममा तथा टाइफाइडविरुद्धको खोप ती दुई जिल्ला जाजरकोट र पश्चिम रुकुमसहित सुर्खेत, सल्यान, दैलेख, कालीकोट र जुम्लामा सञ्चालन गरिने छ । स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखा बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा.अभियान गौतमले दादुरा-रुवेलाविरुद्धको खोप छ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई र टाइफाइडविरुद्धको खोप १६ वर्षदेखि ४५ वर्षसम्मका सबैलाई लगाइने छ ।७

## अन्तर्राष्ट्रिय समाचार

भारतमा कोरोना भाइरसको नयाँ भेरिएन्ट जेएन १ भेटिएको छ । विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ने कोभिड १९ को नयाँ भेरिएन्ट जेएन १ (भेरिएन्ट अफ इन्टरेस्ट) पुष्टि भएको जनाएको छ । रोएटर्सका अनुसार कोभिड १९ का अन्य 'उपप्रजाति' तुलनामा यसले मानव शरीरको रोगप्रतिरोधी क्षमतालाई सजिलै जित्न सक्छ । तर, यसबाट स्वास्थ्यमा गम्भीर खतरा भने धेरै नरहेको बताइएको छ ।१,३

संयुक्त राष्ट्रसंघीय बाल एजेन्सीका प्रवक्ताले गाजा बालबालिकाका लागि संसारको सबैभन्दा खतरनाक स्थान भएको बताएका छन् । प्यालेस्टिनी क्षेत्रबाट फर्केपछि त्यहाँको अवस्थामाथि आक्रोश व्यक्त गर्दै उनले यस्तो बताएका हुन्।युनिसेफका प्रवक्ता जेम्स एल्डरले गाजामा करिब दुई साता बिताएपछि पत्रकार सम्मेलनमा भने, 'सत्तामा रहनेहरूले दस लाख बालबालिकामाथि गरिएको मानवतावादी दुःस्वप्नबाट हिचकिचाएकामा म आक्रोशित छु ।'२

१. अनलाइन खबर
२. नेपाल खबर
३. स्वास्थ्य खबर
४. हिमालयन टाइम्स
५. कान्तिपुर
६. नयाँ पत्रिका
७. अन्नपूर्ण पोस्ट
८. नागरिक
९. गोरखापत्र

**थप जानकारीको लागि सम्पर्क**

छिरिङ डोल्कर गुरुङ, विश्व स्वास्थ्य संगठन, नेपालस्थित कार्यालय

सञ्चार र सूचना अधिकृत, gurungt@who.int

**रेफेरेन्स कोड** : 21DECMM_371

World Health Organization
Nepal

YouTube